# घरेलु हिंसामा महिला र बालबालिका

## २०७० चैतदेखि २०७१ भदौसम्म

# सञ्चार अनुगमन

मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन)
ज्वागल, ललितपुर
फोन : ५०११२०४, ५५४४२०५
www.ihricon.org.mp

देशमा महिला तथा बालबालिकामाथि हिंसा बढिरहेको देखिएको छ भने पीडकहरु घरपरिवारका सदस्य रहेको यर्थाथ सञ्चार अनुगमनले देखाएको छ । आफ्नै परिवारबाट हिंसा भोगिरहेका नेपाली महिला तथा बालबालिकाको लागि आफ्नो घरसमेत सुरक्षित नभएको पाइएको छ । महिलालाई दाइजो कम ल्याएको भन्दै आफ्नै सासु, ससुराले कुटपिट गर्दै घर निकाला गरेको तथा बालिकाले आफ्नै बाबुद्वारा बलात्कृत हुनुपरेको जस्ता घटनाहरु विभिन्न सञ्चार माध्यममा प्रकाशित भएका छन् । महिलाले घरपरिवारको यातना सहन नसकी आत्महत्या गर्नसम्म बाध्य हुनुपरेको, अपाङ्ग महिला तथा ७१ वर्षीय वृद्ध बलात्कारको शिकार हुनुपरेको जस्ता घटनाहरु ६ महिनाको अवधिमा प्रकाशनमा आएका छन् । महिला र बालबालिकामाथि भएको हिंसाका घटनाहरुलाई हेर्दा पीडितले व्यक्तिगत सुरक्षा, गाँस, बास, कानूनी उपचार, स्वास्थ्य उपचारजस्ता सेवाहरुबाट समेत टाढिनु परेको देखिन्छ । आधारभूत दैनिक गुजारामा कठिनाइ भोग्नु परेको पनि यसै ६ महिनाको सञ्चार अनुगमनले देखाएको छ ।

मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) द्वारा राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७० को चैत्र देखि २०७१ भदौं महिनामा मुलुकभर ६ महिनाको अवधिमा महिला तथा बालबालिका माथि भएका विभिन्न खाले हिंसाका २५३ घटना भएको पाइएको छ । राजधानीबाट प्रकाशित राष्ट्रिय दैनिक अखबारमध्ये गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टबाट प्रकाशित समाचारका आधारमा मुलुक भर ६ महिनाको अवधिमा महिला हिंसाका १५१ वटा घटना रिपोर्टिङ्ग भएका छन् । भने त्यसै गरी बालबालिका सम्बन्धि हिंसाका घटना १०२ वटा रिपोर्टिङ्ग भएका छन् ।

ब्रोडसिट दैनिकहरुका अनुसार यस ६ महिनाको अवधिमा १५१ घटनामा ५४ महिलाको हत्या भएको छ भने २९ जना बलात्कारको शिकार बनेका छन् । यसैगरी कुटपिटमा १७, हत्या प्रयासमा ११, यौन दूर्व्यवहार र बोक्सीको आरोपमा १०-१० जना महिला पीडित भएका छन् । त्यसैगरी सामूहिक बलात्कार र घर निकालामा ३-३ जना महिला पीडित बनेका छन् । बेचविखनमा ६, दाईजोका नाममा ५, श्रम शोषणमा २ र बहुविवाहमा १ जनाको संख्या रहेको छ ।



अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित ६ महिनाको अवधिमा घटना १०२ वटा पहिचान गरेका छन् जसमा १७ को हत्या भएको छ । बलात्कारको शिकारमा परेका ५१ बालिकाको मार्मिक विवरण पनि प्रकाशमा आएको छ । यसैगरी यौन दूर्व्यवहार १४, कुटपिटमा ९, सामूहिक बलात्कारमा ६, हत्या प्रयासमा ३ र श्रम शोषण तथा यातनामा १-१ बालबालिका परेको विवरण पनि सार्वजनिक भएको छ ।




मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार २०७० चैत देखि २०७१ भदौ महिनामा भएका हतियारजन्य हिंसाका कारण १०२ जना मानिसहरु प्रभावित भएका छन् । ४६ जनाको मृत्यु भएको छ । जसमा पुरुष २१, महिला २० र बालबालिका ५ जनाले ज्यान गुमाएका छन् । त्यसै गरी हतियारकै कारणबाट घाइते हुनेमा पुरुष २६, महिला १८ र बालबालिकाको संख्या १३ रहेका छन् ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ७२, मध्यमाञ्चल ७०, पश्चिमाञ्चल २६, मध्य-पश्चिमाञ्चल ४८ र सूदूर पश्चिममा १२ घटना भएको अखबारले समेटेको पाइँन्छ ।




इह्रिकनले गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टमा प्रकाशित समाचारका आधारमा सञ्चार अनुगमन गरेको हो ।

जानकारीका लागि

**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**

ज्वागल कुपण्डोल ललितपुर

फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।